आज मिति २०७३ साल जेष्ठ २८ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द
२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द
३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द
४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द
५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द
६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द
७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द
८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द
९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द
१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द
११. सव ईन्जिनियर श्री शंकर बहादुर कुँवर द

**निर्णयः**

**निर्णय नं. १:** यस न. पा. ले आ. व. २०७२।०७३ को विशेष नगरपरिषदबाट समेत संसोधन भएको राजमार्ग हाईवे व्यवस्थापन कार्यमा विनियोजन भएको रु. २०,००,०००।- (बीस लाख मात्र) लाई निम्नानुसार अत्यावश्यक कार्यक्रम संचालन गर्ने गरी योजना स्वीकृत एवं रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | | |
|---|---|---|
| १. | जयमंगला बजार आसपास कालोपत्रे सडक मर्मत | रु. ८,००,०००।- (आठ लाम मात्र) |
| २ | जष्पाल कृषि मार्ग उच्चस्तर ग्रावेल योजना | रु. २,४०,०००।-(दुईलाख चालिस हजार मात्र) |
| ३ | वेल्सी गाउँ खोला सोझ्याउने योजना | रु. १,५०,०००।-(एकलाख पचास हजार मात्र) |
| ४ | वन्सी गाउँ खोला सोझ्याउने योजना | रु. ३,००,०००।-(तीन लाख मात्र) |
| ५ | झुवानी टरौली सडक उच्चस्तर ग्रावेल योजना | रु. ४,२०,०००।-(चार लाख बीस हजार मात्र) |
| ६ | रायमाझी टोल उच्चस्तर ग्रावेल | रु. ४०,०००।-(चालिस हजार मात्र) |
| ७ | पिठुवा सेवाकेन्द्र शौचालय निर्माण | रु. २०,०००।-(बीस हजार मात्र) |
| | | कुल जम्मा रु. २०,००,०००।- (वीस लाख मात्र) |

**निर्णय नं. २:** मिस नेपाल अस्मी श्रेष्ठको स्वागत तथा सम्मान कार्यक्रममा यस न. पा. को तर्फबाट रु. ११,०००।- (एघार हजार मात्र) आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:** रत्ननगर न. पा. वडा नं. १८ स्थित पशु सेवा केन्द्र उपभोक्ता समितिलाई औषधि खरिदका लागि रु. ५०,०००।- (पचास हजार मात्र) संघ संस्था लागत साझेदारी शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:** रत्ननगर न. पा. वडा नं. ४ निवासी धनमाया पुरी समेतको निवेदन वमोजिम जेष्ठ नागरिकको लागि भजनकिर्तन सामाग्री खरिदका लागि आकस्मिक कोषबाट रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:** रत्ननगर न. पा. १९ स्थित झुवानी श्रोतकेन्द्र स्तरिय परीक्षा समितिलाई शैक्षिक क्यालेण्डर छपाउन रु. ५,०००।- (पाँच हजार मात्र) आर्थिक सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** दाजु वहिनी कृषि सहकारी संस्था, रत्ननगर १३ लाई विषादी रहित खेती सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालनका लागि आईपिएम खेती शिर्षकबाट रु. ६३,०००।- (त्रिसट्ठी हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** रत्ननगर न. पा. वडा नं. १८ स्थित नेपाल रेडक्रस सोसाईटी उपशाखा, बछौली, चितवनको आयोजनामा विपद पूर्व तयारी तथा विपद पछिको व्यवस्थापन सम्बन्धि रणनितिक गोष्ठीमा न. पा. को तर्फबाट रु. ५०,०००।- ( पचास हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।